# धर्मदेवी नगरपालिकाको विनियोजन ऐन २०७५

**धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५/०३/३२

**प्रस्तावनाः** धर्मदेवी नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धर्मदेवी नगर सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "धर्मदेवी नगरपालिकाको विनियोजन ऐन २०७५" रहने छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ आर्थिक वर्ष २०७५/७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थापनको रकम समेत गरि जम्मा रकम रु. ३३,५५,७३,००० (अक्षेरुपी तेतिस करोड पचपन्न लाख तिर्हत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३ विनियोजनः** (१) यस ऐनद्वारा संचित कोष खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त धर्मदेवी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरु निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यापालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।